# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालबाट वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले साउन २८ गते ग्रामीण स्वावलम्बन केन्द्रको २५औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुभयो । काठमाडौंमा आयोजित सो कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले सर्वसाधारणलाई गरिबीको रेखाबाट माथि उठाउन लघुवित्त बैंकिङ महत्वपूर्ण माध्यम रहेको बताउँदै ग्रामीण स्वावलम्बन केन्द्रले स्थापनाको २५ वर्षको अवधिमा नेपालको गरिबी निवारणका लागि गरेका कार्यहरुको प्रशंसा गर्नुभयो । गत जेठ महिनामा ग्रामीण स्वावलम्बन केन्द्रले आयोजना गरेको राष्ट्रिय लघुवित्त सम्मेलन जस्ता सम्मेलनहरुको निरन्तरतामा जोड दिँदै नेपालको गरिबी निवारणका लागि गरिने कार्यक्रमहरुलाई नेपाल राष्ट्र बैंकको सहयोग निरन्तर जारी रहने उहाँले जानकारी दिनुभयो ।




भौगोलिक हिसाबले विकट र दुर्गम जिल्लाहरुमा लघुवित्त बैंकिङ सेवा पुगोस् भन्ने उद्देश्यले चालू आर्थिक वर्षको मौद्रिक नीति मार्फत तोकिएका ९ जिल्लामा प्रधान कार्यालय रहने गरी लघुवित्त संस्थाहरुको स्थापना गर्न सकिने व्यवस्था गरिएको पनि गभर्नर डा. नेपालले सो कार्यक्रममा उल्लेख गर्नुभयो । लघुवित्त कारोबारमा महिलाहरुको विशेष सहभागिता देखिनुलाई उत्साहप्रद भन्नु हुँदै उहाँले संस्था र सेवाग्राही दुवैको हितलाई ध्यानमा राखेर लघुवित्त बैंकिङमा सम्बन्धित संस्थाको कोषको लागत (Cost of fund) अनुसार बढीमा ७ प्रतिशतसम्म स्प्रेड कायम गरी ब्याजदर निर्धारण गर्ने व्यवस्था ल्याइएको बताउनु भयो ।

गभर्नर डा. नेपालले लघुवित्त कारोबार गर्ने संस्थाहरुलाई जनताको घरदैलोमा पुगेर थप सेवा दिन र बढी सेवामुखी हुन आग्रह गर्नुभयो । वाणिज्य बैंकहरुलाई पनि जनताको घरदैलोमा पुऱ्याउन न्यूनतम् २ प्रतिशत कर्जा प्रत्यक्ष रुपमा विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको तथ्य प्रकाश पार्नु हुँदै उहाँले सक्षम र सुशासित बैंकिङ क्षेत्रले नै नेपालको आर्थिक विकासमा योगदान दिन सक्ने धारणा राख्नुभयो । उक्त कार्यक्रममा उहाँले राष्ट्रिय लघुवित्त सम्मेलनको प्रतिवेदन विमोचन गर्नुका साथै सो सम्मेलनका प्रायोजकहरुलाई प्रशंसापत्र प्रदान गर्नुभयो ।

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले पनि मन्तव्य राख्नु भएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका वरिष्ठ अधिकृतहरु लगायत विभिन्न बैंकहरु, लघुवित्त संस्थाहरु, सहकारी तथा अन्य संस्थाहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**२०७३ साउन २८, शुक्रबार**

**गभर्नरको कार्यालय**